# ३१

# गरिब किसानलाई अर्को मार !

**क्नुट-एरिक हेले**

नेपाललाई वन्यजन्तु वासस्थानको स्वर्ग बनाउने लक्ष्यसहितको एउटा महत्वकांक्षी कार्यक्रम सञ्चालन गर्ने तयारीमा विश्व वन्यजन्तु कोष, नेपाल कम्मर कसेर जुटेको छ । यो कार्यक्रमको पूर्ण थालनीपछि नेपाल तथा सीमावर्ती भारतीय क्षेत्रलाई समेत समेटिएको एउटा ठूलो भूभाग वन्यजन्तुको आवत-जावत गर्ने मार्गका रूपमा विकसित हुनेछ ।

त्यसो त कार्यक्रमको लक्ष्य जैविक विविधताको संरक्षण, लोप हुन लागेका वन्यजन्तुको सङ्ख्यामा वृद्धि, वन क्षेत्रको विस्तार र स्थानीय बासिन्दाको जीवनस्तरमा व्यापक सुधार ल्याउने देखिन्छ । तर आलोचकहरू भने त्यसमा सहमत छैनन् ।

"मलाई यो एउटा सुन्दर कविताझैं लागेको छ," नेपालका प्रख्यात संरक्षणविद् डा. तीर्थबहादुर श्रेष्ठको यस्तो प्रतिक्रिया जनाउनुहुन्छ, "तर संरक्षणवादीहरूका लागि यो एउटा अति आकर्षक सपना पनि हो ।"

विश्व वन्यजन्तु कोष नेपालले अघि सारेको तराई भू-परिधि कार्यक्रम – ताल (TAL- Terai Arc Landscape Program) ले नेपाल र भारतका एघारवटा संरक्षित क्षेत्रलाई जोड्नेछ । कार्यक्रम कार्यान्वयन हुने क्षेत्रफल करिब ५० हजार वर्ग किलोमिटर छ । नेपालका धेरै महत्वपूर्ण खेतीयोग्य भू-भाग र त्यहाँ बसोबास गर्ने ६० लाख मानिसलाई कार्यक्रमले प्रभावित गर्नेछ ।

त्यसैले पनि केही संरक्षणवादीहरू भविष्यमा ताल कार्यक्रमको व्यवस्थापनप्रति त्यति आशावादी देखिँदैनन् । उनीहरूको सोचाइमा ताल कार्यक्रम दातृ संस्थालाई निकै लोभ्याउने खालको भए तापनि यत्रो ठूलो भू-भागको व्यवस्थापन गर्ने काम त्यति सजिलो भने छैन । भोलि गएर वन्यजन्तुका लागि स्वर्ग बनाउने सपना स्थानीय बासिन्दाका लागि कतै 'निल्नु न ओकल्नु' जस्तो हुने त होइन ? केही संरक्षणवादीहरूले प्रश्न उठाउन थालेका छन् ।

*हाका-हाकी,* ६(१): ७-१२, २०६० मा प्रकाशित ।

## प्रयोगशालामात्र

नेपालमा लामो समयदेखि प्रकृति संरक्षणको काममा लागेका नर्वेका प्रोफेसर पेर वेगे तराई भू-परिधि कार्यक्रमको अवधारणासित त्यति खुसी देखिँदैनन्। उनी नर्वेको कृषि विश्वविद्यालयअन्तर्गत जीवशास्त्र तथा प्रकृति संरक्षण विभागसित आबद्ध छन्। उनको सोचाइमा यो कार्यक्रम गरिब नेपालीका लागि उपयुक्त छैन । "अहिलेका लागि नेपाल सुहाउँदो कार्यक्रम तय गर्नेबारेमा सोच्न जरुरी छ," उनी भन्छन् ।

"संरक्षित क्षेत्रको वरपर बसोबास गर्ने स्थानीय बासिन्दाहरू अहिले नै वन्यजन्तुले दिने दुःखले वाक्क भइसकेका छन्। वन्यजन्तुले नष्ट पार्ने उनीहरूको अन्नबाली तथा वन्यजन्तुको आक्रमणको शिकार हुने गाईबस्तु स्थानीय बासिन्दाका लागि ठूलै समस्या भएको छ। त्यसैले गर्दा निकुञ्ज र स्थानीय बासिन्दाहरूबीच सधैँ विवाद परिरहन्छ," वेगे भन्छन्।

उनको सोचाइमा नेपालले अन्य देशको तुलनामा अहिले नै प्रकृति संरक्षणको कार्यमा उल्लेखनीय भूमिका निभाइसकेको छ। संरक्षण क्षेत्रको विस्तारले किसानका अन्नबाली र गाईबस्तु वन्यजन्तुको चपेटामा पर्ने र विवाद अझ बढ्ने उनलाई डर छ ।

"लोप हुन लागेको वन्यजन्तु संरक्षणका नाममा हुने यस्तो विस्तारले विकासको क्रममा धेरै पछाडि रहेको नेपालको भौतिक विकासमा बाधा सिर्जना हुनेछ। भविष्यमा यसले ठूलो समस्या ल्याउनेछ," प्रोफेसर वेगे भन्छन्, "विश्व वन्यजन्तु कोष, संयुक्त राज्य अमेरिका नेपाललाई बलीको बोको बनाउन खोजिरहेको छ अर्थात् नेपाललाई प्रयोगशालाका रूपमा हेरिरहेका छन्। नेपाललाई गिनी पिग मानेर प्रयोग गरिरहेका छन्, प्रयोग सफल भएमात्र उनीहरू आफ्नो देशमा त्यसलाई दोहोऱ्याउने छन् ।"

"मलाई अचम्म लाग्छ । मानिसको बसोबास नै नभएको संरक्षित क्षेत्रहरू भएका अमेरिका, क्यानडा तथा नर्वेजस्तो देशमा यो कार्यक्रम किन लागू गर्दैनन् उनीहरू," वेगे प्रश्न गर्छन् ।

धेरै पश्चिमा मुलुकहरू संरक्षण क्षेत्रको विस्तारलाई एउटा महँगो कार्यक्रमका रूपमा मान्छन्। किनभने उनीहरूका लागि वन उद्योगबाट ठूलो फाइदा छ। उनको भनाइमा ठूला अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू नेपालजस्तो गरिब देशलाई पैसा देखाएर जे पनि गर्न सकिन्छ भन्ने ठान्छन् । "ठूलो रकम देखेपछि नेपाल जस्तो देशलाई कुनै पनि कार्यक्रम अस्वीकार गर्न गाह्रो पर्छ," वेगे भन्छन् ।

## यसको विकल्प छैन

तर विश्व वन्यजन्तु कोष, नेपालका आवासीय प्रतिनिधि डा. चन्द्र गुरुङ भने ताल जस्तो सुन्दर कार्यक्रमको अर्को विकल्प नभएको दाबी गर्छन् ।

"नेपालमा संरक्षणको काममा नयाँ मोड ल्याउन आवश्यक छ। त्यसका लागि नयाँ सोच र अवधारणा उत्तिकै आवश्यक छ । नेपालको तराई एउटा छुट्टै जैविक

विविधताको विशेषताले भरिएको छ । हामी त्यो जैविक विविधताको संरक्षण र स्थानीय समुदायको विकास चाहन्छौँ," डा. गुरुङ भन्छन् ।

चितवन राष्ट्रिय निकुञ्जको उदाहरण दिँदै डा. गुरुङ भन्छन्, "गैँडाको सङ्ख्यामा व्यापक वृद्धि भइरहेको छ । अब हामीले कि त गैँडा मार्न थाल्नुपर्‍यो या त उसको वासस्थानको विस्तार गर्नुपर्‍यो । हामीसित अर्को विकल्प छैन ।"

विश्व वन्यजन्तु कोष अहिलेको राष्ट्रिय निकुञ्जहरूको मोडेलमा संरक्षण क्षेत्र अझ बढाउदै लैजाने पक्षमा नरहेको बताउँदै तालको अवधारणामा स्थानीय बासिन्दाको व्यापक सहभागितालाई विशेष जोड दिइएको डा. गुरुङले बताए । "यो कार्यक्रम लागू भएका ठाउँहरूमा स्थानीय बासिन्दाले नै प्रकृतिको संरक्षण गरेर त्यसको प्रतिफल लिनेछन् ।"

अहिले पर्यटनमा ह्रास आए तापनि नेपाल पर्यटकहरूका लागि आर्कषक स्थल भएको बताउँदै यो कार्यक्रम लागू भएका ठाउँमा स्थानीय बासिन्दाहरूले निकै फाइदा लिन सक्ने डा. गुरुङको धारणा छ ।

"अझै पनि नेपालले श्रीलङ्का तथा कोस्टारिका जस्तो सङ्कटग्रस्त राष्ट्रहरूबाट सिक्ने कुरा थुप्रै छ," डा. गुरुङ थप्छन् ।

डा. गुरुङका अनुसार कार्यक्रम लागू भएका ठाउँहरूमा वन्यजन्तु बढ्नेछन् अनि पर्यटनको विकास हुनेछ । जसको प्रत्यक्ष फाइदा स्थानीय बासिन्दालाई नै हुनेछ । जसका कैयौँ उदाहरणहरू नेपालमा छन् ।

डा. गुरुङको सोचाइमा स्थानीय बासिन्दाले आफूलाई फाइदा हुने देखेपछि धेरथोर नोक्सानको खासै वास्ता पनि राख्दैनन् । यो वन्यजन्तु मार्गको विस्तार भएपछि खासगरी ठूलो वासस्थल ओगट्ने बाघ र गैँडाको वृद्धिमा ठूलो फाइदा हुने छ । तर प्रोफेसर वेगे भने यो तर्कले मात्रै काललाई अघि बढाउनुपर्छ भन्ने कुरामा सहमत छैनन् ।

"अनुसन्धानहरूले नेपालका गैँडामा प्रजनन तत्व निकै उच्च खालको भएको देखाइसकेको छ । यदि प्रजनन दर बढी भएर वासस्थलको समस्या बढेको हो भने, हालको गैँडा स्थानान्तरण कार्यक्रमलाई नियमित गर्नु वेश हुन्छ," उनी भन्छन् ।

"ताल एउटा खर्चिलो कार्यक्रम हुनुका साथै भविष्यमा यसले स्थानीय जनता र संरक्षण क्षेत्रबीच अझ विवाद चर्काउनेछ । योभन्दा सस्तो र उपयुक्त त संरक्षित क्षेत्रभित्र वन्यजन्तुको वैज्ञानिक व्यवस्थापन र चोरीशिकारीमा नियन्त्रण गर्ने कुरामा जोड दिनुपर्छ," वेगे थप्छन् ।

## चोरी-शिकारको चिन्ता

सरकारी तथा गैरसरकारी संस्थाहरूमा आबद्ध भएर आफ्नो उमेरको तीन दशक वन्यजन्तु संरक्षणको कार्यमा बिताइसकेका रामप्रित यादवलाई भने ताल कार्यक्रमले वन्यजन्तुको चोरी-शिकारमा पो वृद्धि हुने हो कि भन्ने चिन्ताले सताएको छ । हाल

श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषमा कार्यरत यादव ताल कार्यक्रमलाई एउटा अत्यन्त महत्वाकांक्षी कार्यक्रमका रूपमा लिन्छन् । "यो कार्यक्रम सञ्चालन गर्दा धेरै व्यवहारिक कठिनाइहरू आउन सक्छन्," यादव भन्छन् । तर उनी संरक्षणका हिसाबले यो राम्रो अवधारणा भएको ठान्छन् ।

यादवको विचारमा संरक्षण क्षेत्र विस्तार हुँदा गैंडाहरू निकुञ्जबाट टाढाटाढासम्म पुग्नेछन् र यो अवैध शिकारीका लागि खुसीको कुरा हुनेछ । "किनभने त्यहाँ निकुञ्जका अधिकारीहरूको पहुँच हुँदैन ।" उनी भन्छन् ।

शाही चितवन राष्ट्रिय निकुञ्जमा गत दुई वर्षदेखि गैंडाको अवैध शिकारमा निकै वृद्धि भएको छ । सन् २००२ मा मात्रै ३७ वटा गैंडा शिकारीहरूले मारेका थिए । पहिला निकुञ्जभित्र चोरी-शिकार नियन्त्रण दल र शाही सेनाको कडा गस्तीका कारण शिकार नियन्त्रणमा थियो, तर माओवादी जनयुद्धका कारण सङ्कटकाल लागू भएयता सुरक्षा दललाई जनयुद्धमा ध्यान दिनुपर्ने भएपछि चोरी-शिकारको सङ्ख्यामा वृद्धि आएको हो ।

डा. चन्द्र गुरुङ भने यदि स्थानीयवासीले संरक्षित क्षेत्रबाट आफूलाई प्रत्यक्ष फाइदा हुन्छ भन्ने थाहा पाए भने चोरी-शिकार नियन्त्रणमा उनीहरू नै सक्रिय हुन थाल्ने धारणा व्यक्त गर्छन् । "ताल कार्यक्रम सञ्चालन हुने सम्पूर्ण क्षेत्रमा शाही सेना राख्ने सम्भावना छैन," डा. गुरुङ स्वीकार्छन् ।

## समन्वयको चुनौती

विश्व वन्यजन्तु कोष अहिले ताल कार्यक्रमको प्रस्तावना लिएर पन्ध्रवटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको ढोका ढकढक्याउँदै छ । यी पन्ध्रवटा संस्थाहरूले ताल कार्यक्रम लागू हुने क्षेत्रमा विभिन्न विकासका कार्यक्रमहरू सञ्चालन गर्न मद्दत गरिरहेका छन् । त्यसबाहेक अन्य राष्ट्रिय, स्थानीय गैरसरकारी तथा सरकारी संस्थाहरूको सङ्ख्या छुट्टै छ । "वन तथा भू-संरक्षण मन्त्रालयसित सम्झौतामा हस्ताक्षर भएपछि तालका लागि पैसा जुटाउन सजिलो हुन्छ । हामीले मात्रै यसका लागि रकम जुटाउन सक्दैनौं," डा. गुरुङ भन्छन् ।

ताल कार्यक्रम कार्यान्वयनमा धेरै संस्थाहरूको संलग्नता हुनुपर्ने स्वीकार्दै डा. गुरुङ भन्छन्, "जसका लागि एकआपसमा हुनुपर्ने समन्वय एउटा ठूलो चुनौती हो ।" डा. गुरुङ उदाहरण दिँदै भन्छन्, पशु विकास महाशाखाले तराई क्षेत्रमा पशुपालन विकास कार्यक्रम सञ्चालन गरिरहेको छ । तर पशुपालनमा वृद्धि हुनु भनेको चरनका लागि चाहिने जग्गाको माग बढ्नु हो । जुन ताल कार्यक्रमका लागि समस्याको कुरा हो ।

अहिले नै पनि त्यस क्षेत्रका किसानहरूले लाखौंको सङ्ख्यामा गाईवस्तु पालेका छन् । खासगरी थारु समुदायमा गाईवस्तुको सङ्ख्या त्यस घरको सम्पन्नतासित नाप्ने प्रचलन व्यापक छ । त्यसैगरी सडक, सिँचाइ निर्माण तथा कृषि विकासका अन्य क्षेत्रमा कसरी समन्वय गर्ने अर्को जटिल प्रश्न छ ।

लामो समय वन तथा भू-संरक्षण मन्त्रालयको उच्च ओहोदामा समेत रहिसकेका डा. तीर्थबहादुर श्रेष्ठलाई सरल समन्वयको कुरामा ठूलो शङ्का छ। "एउटै मन्त्रालयभित्रका सरकारी विभागहरूबीच कहिल्यै राम्रो समन्वय हुनसकिरहेको छैन," डा. श्रेष्ठ थप्छन्, "वन मन्त्रालय आफूलाई वनकै राजा ठान्छ, उसले अरूलाई त्यहाँ छिर्नसम्म दिँदैन । अनि कसरी काम हुन्छ ? सहज समन्वय हुन सकेन भने ताल कार्यक्रम कार्यान्वयन गर्न निकै कठिन छ ।"

## समुदायको पीडा

डा. श्रेष्ठको विचारमा सानो देशभित्र सीमित भू-भाग नै नेपालको संरक्षण कार्यका लागि छुट्ट्याउनु पर्ने क्षेत्र नै एउटा मुख्य चुनौती हो । "बाँच्नका लागि भूमिसित मानिसका आवश्यकता र प्रकृति संरक्षणका लागि छुट्ट्याउनुपर्ने क्षेत्रबीच सन्तुलन कायम गर्न सक्नुपर्छ ।"

बर्दिया राष्ट्रिय निकुञ्ज नजिक गाउँमा बसोबास गर्नेहरू ताल कार्यक्रममा संरक्षणका लागि मुख्य रूपमा प्राथमिकता पाएको सबैजसो वन्यजन्तु उनीहरूको गाउँमा विनाश गर्न आउने बताउँछन् । देशमा सङ्कटकाल लागेपछिको अवस्थाले उनीहरूलाई झनै अप्ठ्यारो पारेको थियो । राति जङ्गली जनावरबाट अन्नबाली बचाउन मचान बनाएर बस्ने किसानका लागि त्यो सम्भव थिएन। "राति ६ बजेपछि कर्फ्यू लाग्छ अनि खेतमा वन्यजन्तु आए पनि चुप लागेर बस्नुबाहेक उपाय छैन," बर्दिया ठाकुरद्वाराका हरिराम चौधरी बताउँछन्। उनी भन्छन्, "हाम्रो खेतमा आउने केही जनावर हामीले मार्न पाउनुपर्छ ।" तर ठाकुरद्वारामा पंक्तिकार पुगेको एक साताअघि मात्रै एकजना स्थानीय किसानलाई खेतमा आएको हरिण मारेको अभियोगमा सात वर्षका लागि जेल सजाय सुनाइएको थियो ।

सङ्कटकाल लागेपछि पर्यटकको सङ्ख्यामा आएको ह्रास, निकुञ्ज तथा स्थानीय बासिन्दाका लागि अर्को ठूलो पीडा बनेको छ । पर्यटनका कारण निकुञ्जलाई हुने आम्दानी व्यापक घटेपछि त्यसको चौतर्फी असर परेको छ। पर्यटकका कारण धेरथोर हुने आम्दानी गाउँलेको हातबाट खोसिएको छ ।

बर्दिया राष्ट्रिय निकुञ्जमा दुई वर्षअघि एकै वर्षमा ९ हजार ९ सय ५० पर्यटकले भ्रमण गरेका थिए। तर सन् २००२ को जुनदेखि २००३ को जनवरीसम्मको तथ्याङ्क हेर्ने हो भने जम्मा ६ सय ४ पर्यटकमात्रै बर्दिया निकुञ्ज पुगेको देखिन्छ । त्यसमा पनि धेरै सङ्ख्या भारतीयको छ ।

यसको सोझो असर मध्यवर्ती क्षेत्रमा परेको छ । मध्यवर्ती क्षेत्र संरक्षणमा लागेका स्थानीय उपभोक्ता समितिलाई निकुञ्जको आम्दानीको ५० प्रतिशत दिने सरकारी नीति छ। "तर आम्दानी नै नभएपछि के दिने" निकुञ्जका सहायक वार्डेन सीताराम घिमिरे बताउँछन् । जसले गर्दा मध्यवर्ती क्षेत्रको संरक्षणमा नकारात्मक असर परेको छ ।

## अझ धेरै गर्नु छ

तराई भू-परिधि कार्यक्रम नै अहिले स्थानीय बासिन्दाले भोगिरहेको समस्याको निराकरण हो भनेर गाउँलेलाई बुझाउन अझै लामो समय कुर्नुपर्ने कुरामा विश्व वन्यजन्तु कोष नेपालका आवासीय प्रतिनिधि डा. गुरुङ पनि सहमत छन् । कोषले अहिले बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा निकुञ्जमा आफ्ना केही गतिविधिहरू सञ्चालन गरिरहेको छ । स्थानीय बासिन्दालाई बुझाउन मध्यवर्ती क्षेत्रका सफल सामुदायिक वनहरूले वन्यजन्तुका कारण पर्यटनबाट लिएको फाइदा देखाउन कोषले अध्ययन भ्रमणका कार्यक्रमहरू पनि गरिरहेको छ । वन्यजन्तु मार्ग बनाउन जिल्ला वन कार्यालयले बर्दियाको वसन्ताबाट ६ हजार ५ सय हेक्टर जमिनमा बसोबास गरिरहेका बासिन्दालाई हटाएको छ ।

तर यी सबै शुरुआतमात्रै हुन् । अझै धरै गर्न बाँकी छ । “हामी एकदमै पहिलो चरणमा छौँ । कम्तीमा पनि अझै १० वर्ष लाग्छ, केही उपलब्धि हेर्नका लागि,” डा. गुरुङ भन्छन् । ♦